# राष्ट्रिय सूचना आयोगबाट पुस महिनामा सम्पादन भएका मुख्य मुख्य कार्यहरुसम्बन्धी प्रेस विज्ञप्ती

राष्ट्रिय सूचना आयोगले २०७७ साल पुस महिनामा देहायबमोजिमका कार्यहरु सम्पन्न गरेको छ ।

**१ राष्ट्रिय सूचना आयोगको बैठक २०७७ पुस ११ गतेमा बसेको बैठकबाट देहायबमोजिका निर्णयहरु गरेको छ ।**

१. स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूमा सहभागी छनौट गर्दा सवै समूहको सहभागिता हुने गरी थप समावेशी तथा प्रभावकारी बनाउदै लैजाने ।

२. सूचनाको हकको प्रभावकारी कार्यान्वियनका लागि अन्य कार्यका अतिरिक्त देहाय बमोजिमको व्यवस्था गर्न गराउन नेपाल सरकारका सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका सार्वजनिक निकायहरूका हकमा प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका सार्वजनिक निकायहरूका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मार्फत अनुरोध गर्ने ।

   २.१ प्रत्येक सार्वजनिक निकायले सूचनाको हक सम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्य रुपमा राख्ने व्यवस्था गर्ने । (कार्यक्रम प्रस्ताव गर्दा सूचनाको हक सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल तथा नागरिकहरूका लागि सूचनाको हक सम्बन्धी अभिमूखीकरण, सूचाको हक सम्बन्धी ब्रोसर तथा पुस्तिका प्रकाशन इत्यादी)

   २.२ प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानून अन्तर्गत प्रकाशन गर्नु पर्ने स्वतः प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।

   २.३ प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी लक्षित तालीम र अभिमूखीकरणका कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिम कार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था गर्ने गराउने ।

   २.४ प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचना कक्ष तथा निवेदनको नमूना तथा बस्ने, प्रतिक्षा गर्ने कक्षको व्यवस्था गर्ने गराउने ।

३. राष्ट्रिय जनगणना २०७८ का सन्दर्भमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को देहाय खण्ड (ग), (च) र (छ) अनुसार नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशकको नाममा निम्न आदेश जारी गरिएको छ । यसको बोधार्थ राष्ट्रिय योजना आयोगका सचिवलाई लेखी पठाउने ।

   ३.१ राष्ट्रिय जनगणना के हो ? यसमा सबैले सहभागी हुन किन आवश्यक छ ? सहि जानकारी दिन किन महत्वपूर्ण छ ? साथै दिइएको जानकारी गोप्य रहन्छ भन्ने बिषयमा नागरिकलाई विश्वास दिलाउने बिषयहरूमा व्यापक प्रचार प्रसार गर्नु ।

३.२ राष्ट्रिय जनगणनाका क्रममा नागरिकको हक अधिकार र गणकको दायित्वका बारेमा स्पष्ट खुल्ने विवरण सहितको पुस्तिका वितरण गर्नु ।

३.३ राष्ट्रिय जनगणनाका सन्दर्भमा गरिने प्रचार प्रसार सामाग्री, नेपाली भाषा लगायत अपाङ्गता भएकाहरूलाई हुने गरी र स्थानीय रुपमा प्रचलनमा रहेका राष्ट्रिय भाषाहरूमा पनि प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउनु ।

३.४ नागरिकलाई सूचना प्रवाह गर्ने काममा संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहसँग पनि समन्वय गरी सबै प्रदेश र सबै स्थानीय तहबाट यसबारे आवश्यक सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनु ।

३.५ स्थानीय स्तरमा रहेका आम सञ्चारका माध्यमहरूको व्यापक प्रयोग गर्ने गराउने व्यवस्था मिलाउनु ।

३.६ सूचनालाई व्यापक प्रचार प्रसार गर्न अनलाइन, वेबसाइटलगायत सामाजिक सञ्जालको समेत उपयोग गर्नू, स्थान र आवश्यकता अनुसार माइकिङ्ग गर्ने, पर्चा-पम्प्लेट वितरण गर्ने, फ्लेक्स बोर्ड तथा डिजिटल बोर्ड मार्फत सार्वजनिक गर्ने, स्कूल-कलेजका शिक्षक, विद्यार्थीलाई यसबारे जानकारी दिने र आमनागरिक भेला हुने स्थान तथा कार्यक्रमहरूमा यससम्बन्धी सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनु ।

३.७ सम्भव भएसम्म सञ्चारका आधुनिक माध्यम जस्तै मोबाईल, तथा एसएमएस, कलर ट्युन र टोल फ्रि नम्बर मार्फत समेत आम नागरिकलाई जनगणनाको महत्व बारे सूचना तथा जानकारी सम्प्रेषण गर्नु ।

३.८ जनगणनालाई सफल बनाउन विभिन्न महिला समूह, उपभोक्ता समूहहरू, सामाजिक संघ संस्थाका कर्मचारी, शिक्षक, विद्यार्थीहरूलाई यो राष्ट्रिय अभियानको प्रचार प्रसारमा सहभागी गराउने व्यवस्था गर्ने ।

४. सूचनाको हक सम्बन्धी संस्थाहरूको अन्तर्राष्ट्रिय संस्था International Conference of Information Commissioners (ICIC) को तदर्थ कार्यकारणी समितिको निर्णय अनुसार कार्यकारणी समितिको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको छ । निर्वाचन कार्यक्रम बमोजिम अध्यक्ष, उपाध्यक्ष र ५ जना सदस्यहरूका लागि निर्वाचन हुँदैछ । यही जनवरी २९ सम्म उम्मेदवारीका लागि आवेदन आह्वान भएको छ ।

तदर्थ कार्यकारणी समितिको सदस्यका रुपमा नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रिय सूचना आयोगले नियमित रुपमा सक्रियतापूर्वक समितिको बैठकमा भाग लिने गरेको छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि आयोगले गरेका क्रियाकलाप तथा उत्कृष्ट अभ्यासहरूका बारेमा जानकारी गराउनुका साथै संस्थाको प्रभावकारितामा योगदान पुर्‍याउँदै आएको छ । संस्थामा रहेर आयोगले खेलेको भुमिकाका कारण अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठामा सकारात्मक प्रभाव पारेको विश्वास आयोगको रहेको छ । यस अवस्थामा आगामी २ वर्षका लागि कार्यकारणी समितिको सदस्यमा उम्मेदवारी दिन उपयुक्त हुने विश्वास आयोगले गरेको छ । तसर्थ नेपालको तर्फबाट सदस्य रहेको राष्ट्रिय सूचना आयोगले International Conference of Information Commissioners (ICIC) को कार्यकारिणी समितिको सदस्यमा उम्मेदवारी दिने

स्वीकृतिका लागि र सदस्य राष्ट्रहरूको समर्थन जुटाउन तथा मतका लागि आवश्यक कुटनैतिक पहल समेत गर्ने व्यवस्था हुन आवश्यक कागजातहरू संलग्न गरी सञ्चार तथा प्रविधि मन्त्रालयमा स्वीकृतिका लागि लेखी पठाउने

## ५ पौष महिनाको आयोगको पुनरावेदन शाखाको प्रगति विवरण

यस आयोगबाट षौष महिनामा ७ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने सातवटा सार्वजनिक निकायलाई आदेश भएको । त्यस्तै गरी सात दिन भित्र सूचना उपलव्ध गराउन चारवटा सार्वजनिक निकायमा आदेश भएको देखिन्छ । तिन दिन भित्र सूचना उपलव्ध गराउन तीनवटा सार्वजनिक निकायमा आदेश भएको देखिन्छ भने सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम दुइ वटा सार्वजनिक निकायलार्य कारवाही भएको अवस्था रहेको छ । दरपीठ पुनरावलोकन सम्वन्धमा दुइवटा आदेश भएको देखिन्छ भन्ने सूचना संरक्षण गर्न एउटा आदेश भएको देखिन्छ । त्यस्तै सूचना उपलव्ध गराएको देखिदा लगतकट्टाको आदेश पाचवटा फाइलमा भएको देखिब्न्छ ।

## ६. राष्ट्रिय सूचना आयोगले यस महिनामा २ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

यहि षौष १० गते सूचनाको हक कार्यान्वयनका लागि नमोबुद्ध नगरपालिका काभ्रेका स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी, समुदाय र समूह लगायतसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कमला ओली थापा
सूचना आयुक्त तथा प्रवक्ता